# लोक सेवा आयोग

अनामनगर, काठमाडौं ।

## खरिदार वा सो सरहका पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा दरखास्त सम्बन्धी सूचना ।

लोक सेवा आयोगवाट मिति २०७६/११/२८ मा प्रकाशित राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरहका विभिन्न पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सूचना अनुसार दरखास्त दिने अन्तिम मिति २०७७/०१/०२ सम्म तोकिएकोमा कोरोना भाईरस रोग (COVID-19) को नियन्त्रण र रोकथामका लागि नेपाल सरकारद्वारा घोषणा गरिएको Lock-Down का कारण केही जिल्लामा कार्यरत कर्मचारीहरूले उक्त म्यादभित्र सम्बन्धित बढुवा समितिमा दरखास्त बुझाउन असमर्थ भएको भनि आयोगमा गुनासो प्राप्त हुन आएको सम्बन्धमा **बढुवा सिफारिस सम्बन्धि निर्णय गर्न वाँकी वढुवा समितिहरूले त्यस्ता उम्मेदवारको दरखास्त २०७७ साल बैशाख मसान्तसम्म लिने व्यवस्था मिलाउनु हुन** एवम् बढुवा सिफारिस सम्बन्धी निर्णय गरिसकेका बढुवा समितिहरूको हकमा केहि गरिरहनु नपर्ने व्यहोरा जानकारीका लागि निर्देशानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:** *थप दरखास्त लिँदा उम्मेदवारको सेवा अवधि, शैक्षिक योग्यता लगायत बढुवाका लागि सम्भाव्य उम्मेदवार हुने सम्बन्धि शर्तहरू पूर्वप्रकाशित विज्ञापनमा उल्लेख भए अनुसार (२०७७/०१/०२ सम्म) नै हुने गरी कायम गरिएको छ ।*

**मिति: २०७७/०१/१७**

**(देवीप्रसाद सुवेदी)**
**सूचना अधिकारी**